

नेपालमा सरकारी क्षेत्रबाट महिला विकासको अवधारणा शुरु गर्ने जोशीले विश्वका दर्जनौं ठूला देशहरुमा समेत लैंगिक समानता र लैंगिक नीति बनाउन सहयोग गर्नुभएको छ ।

# चाँदनी जोशी : सबैका लागि एक प्रेरणा



● योग माया सापकोटा

## पृष्ठभूमि

विगत ५२ वर्षदेखि चाँदनी जोशी लैङ्गिक, अधिकार र नीति विज्ञ (Gender, Rights and Policy Specialist) को रुपमा अनुभवी व्यक्तित्व हुनुहुन्छ । उहाँलाई वि.सं.२०१७ सालमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको विकास कार्यक्रमको प्रमुखमा तत्कालीन सरकारले नियुक्त गरेको थियो । उहाँ सहसचिव तथा महिला विकास कार्यक्रमको प्रमुख हुनुहुन्थ्यो । महिला विकासको कोसेढुंगाको रुपमा मानिने ग्रामीण महिलाहरुका लागि उत्पादन ऋण कार्यक्रम (Production Credit for Rural Women-PCRW) उहाँकै प्रयासमा शुरु भएको हो । जसबाट नेपालका पछाडि पारिएका ग्रामीण बहिष्कृत महिलाहरुको उत्पादन ऋणमा पहुँच पुग्न सहयोग पुग्यो ।

महिला र पुरुषको समविकासमा विश्वास राख्ने जोशी युनिफेमको दक्षिण एशियाको क्षेत्रीय निर्देशकको कार्यभार सम्हाल्दा नेपाललगायत दक्षिण एसियाली देशहरुमा लैङ्गिक उत्तरदायी बजेटको शुरुवात गर्नुभयो । सोही अवधिमा उहाँले राष्ट्रिय तथा क्षेत्रीय तहमा महिलाहरु लाभान्वित हुने कार्यक्रमलाई प्राथमिकता दिनुभयो । सफलताको शिखर चढेर आफ्नो एउटा समुच्च चिनारी बनाउनु भएकी जोशी क्षेत्र राज्यश्वरी देवी चन्द र बुवा जंगबहादुर चन्दको छोरी हुनुहुन्छ । वि.स.२००१ कात्तिक १४ गते जेठी छोरीको रुपमा तानसेन पाल्पामा जन्मनु भएकी चाँदनीका दुई छोरी र एक छोराकी आमा हुनुहुन्छ ।

## बाल्यकालका अनुभव

चाँदनी जोशीको बाल्यकाल संयुक्त परिवारको रमाइलो वातावरणमा बित्यो । जोशी सम्झिनुहुन्छ, "त्यो घरमा हामी केटाकेटी ६० जना एकै उमेरका थियौं र रमाइलो गरी हुर्कियौं । संयुक्त पारिवारिक वातावरणमा हुर्किएकै कारण पनि हुनसक्छ उहाँ सबैसँग घुलमिल हुन सक्नुहुन्छ । जुन कुरालाई पनि स्वीकार गर्नुहुन्छ । तत्कालीन राणा श्री ३ ले उहाँका हजुरबुबा फिल्ड मार्सल रुद्र शम्शेर जंगबहादुर राणालाई पाल्पाको बडाहाकिम बनाएर पठाएको र पछि राणाकै विरुद्धमा उहाँको समस्त परिवार लागेको उहाँ स्मरण गर्नुहुन्छ । वि.सं.२००७ को क्रान्तिमा आमाबुबा दुवै स्वतन्त्रताका लागि लड्नुभयो, उहाँलाई ताजै याद

छ कि उहाँकी आमा आलो सुत्केरी, सानो भाई काखमा लिएर त्यो क्रान्तिमा हिँडनुहुन्थ्यो ।

त्यो छाप आफूमा पनि परेको उहाँ सम्झिनुहुन्छ । उहाँ भन्नुहुन्छ "बच्चाको दिमाग कुमालेको माटो जस्तो हुने रहेछ । ममा पनि आमाबुवा तथा त्यो वातावरणको गहिरो छाप परेको थियो । तत्कालीन समयमा सरकारले हजुरबुवालाई नजरबन्दमा राख्यो । राणा भएर राणाकै विरोधमा लागेकोले सरकारले मेरो मामा गोपाल शम्शेर जंगबहादुर राणालाई जिउँदो वा मूर्दा ल्याउनेलाई एकलाख दिने घोषणा गरेको थियो ।" अवस्था ज्यादै संवेदनशील थियो । नजरबन्दमा बस्दा दिएको सीमित खानामा हामी सबै बाँच्नु पर्ने बाध्यता परिवारलाई पर्‍यो । त्यो दु:खद समयले मलाई झन् स्वतन्त्रताका लागि लागिपर्ने दृढता आयो ।

जोशीको शिक्षा सानैदेखि लखनउमा भयो, ६ वर्षदेखि पढन थाल्नु भएकी उहाँले १३ वर्षमा एसएलसी उत्तीर्ण गर्नुभयो । सन् १९६५ मा १९ वर्षको हुँदा त्रिभुवन विश्वविद्यालय, पद्मकन्या बहुमुखी क्याम्पसबाट अंग्रेजी साहित्यमा स्नातकोत्तर तहको अध्ययन पुरा गर्नुभयो । त्यसपछिका नौ वर्ष पद्मकन्या क्याम्पसै अध्यापन गर्नुभयो । पछि अन्य तीन वटा विषयमा पनि स्नातक सकाउनुभयो ।

## पारिवारिक पृष्ठभूमि:

आर्थिक रुपमा जोशीको पारिवारिक अवस्था एक जागिरवालाको हो । तर त्यति मात्र होइन राजनीतिक पहुँच पनि राम्रो भएकोले उहाँका हजुरबुबाले पाल्पाको बडाहाकिम पद सरकारबाट पाउनु भएको थियो । आफ्नो घर थिएन । जोशीका बुवाले मेरा चार सन्तान नै मेरो घर र सम्पत्ती हुन् भन्दै शिक्षामा बढी ध्यान दिनुभयो । तत्कालीन पञ्चायती व्यवस्थामा झण्डै १५ वर्ष सचिव हुनुभएका उहाँका बुवाले सधैं भाडामा बसेर नै सन्तानको लालनपालन र शिक्षादिक्षाको व्यवस्थापन गर्नुभएको उहाँ सम्झिनुहुन्छ । जोशी भन्नुहुन्छ, "मेरो बुवाले मेरो मनमा राष्ट्रसेवाको भाव भरिदिनुभया, आमाले आफू कहिल्यै स्कूल जान नपाएकाले तिमीहरुले धेरै पढ भनेर उत्साह जगाउनुहुन्थ्यो ।

बाबुआमाको लक्ष्य वास्तवमै पुरा गर्नुभयो उहाँले, त्यसका साथै आम महिलाको समग्र विकासको लागि आफनो जीवन अर्पण गरेँ भन्न उहाँ रुचाउनुहुन्छ । आफू त राजनीतिमा लाग्नु भएन तर राजनीतिलाई दोष लगाएर आफू कर्तव्यबाट पन्छिने स्वभाव मन पराउनुहुन्न उहाँ । राजनीतिक रुपमा सचेत परिवार भएकोले स्वभाविक रुपमा त्यसको प्रभाव सामाजिक हिसाबले पनि पर्ने नै भयो । त्यसका साथै उहाँको परिवारको सामाजिक प्रतिष्ठा पनि राम्रो थियो । हजुरबुवाको राणा विरोधी राजनीतिक पृष्ठभूमि, बुवाको सरकारी कर्मचारीहरूमा उच्च ओहोदाले गर्दा सामाजिक रुपमा परिवारको स्तर माथिल्लो थियो । जुन पृष्ठभूमिमा उहाँको सामाजिकीकरण र शिक्षादिक्षा भयो त्यसले उहाँमा निर्भिक र आत्मबलयुक्त व्यक्तित्वको विकास भयो । उहाँको सामाजिक विकासमा भएको योगदानले जोशी नेपालमा मात्र नभएर धेरै देशहरूमा पनि परिचित हुनुहुन्छ ।

## परिवारको साथ

पारिवारिक साथ, सहयोग भएन भने कोही कसैलाई पनि आफ्नो व्यक्तित्व विकास गर्न कठिन हुन्छ । भरपूर पारिवारिक सहयोग पाउनु भएकी जोशी भन्नुहुन्छ, "म आजको अवस्थामा आइपुग्नुमा मेरो बुवाआमाको लालनपालन र शिक्षादिक्षाल नै हो । त्यसमा थप सहयोग वैवाहिक जीवनपछि श्रीमान्को र बच्चाहरू भएपछि उनीहरूको समेत हात छ । श्रीमान् समभ्रूदार नभएको भए तत्कालीन समयमा म देशविदेश, साँझबिहान नभनी घरबाहिरको काममा खटनै सक्ने थिइन । छोराछोरीले पनि कहिले आमाको अभाव भयो भनेर गुनासो गरेनन् बरु मेरो कार्यबोझको बोध गर्दै सघाउँथे । घरका अन्य सदस्यहरुले पनि मेरो कामलाई बुझिदिनुहुन्थ्यो । उदाहरण दिँदै भन्नुहुन्छ, "देउरानी भित्र्याउने बेलामा म तालिम सामाग्री विकासको प्रमुख थिएँ । देवरको बिहेको तयारीमा जुटन सकिने तर परिवारको मप्रति घरको काम नगरेको भन्ने गुनासो रहेन । यस्तो महत्वपूर्ण सहयोगले मेरो पेशागत कार्यमा प्रभावकारिता बढाउन ठूलो सहयोग पुग्यो ।"

## प्रेरक व्यक्तित्व

जोशीको ५२ वर्षसम्मका सफलताका कथाहरु छन् । उहाँको निरन्तर विकासमा लाग्ने दृढता तथा विकास कसका लागि भन्ने प्रष्टतामा आधारित उपलब्धिहरु हाम्रा आँखा अगाडि छन् । मुख्यत: महिला विकास कार्यालय, महिला विकास अधिकृतको व्यवस्था, ग्रामीण महिलाका लागि उत्पादन ऋण कार्यक्रम, जनगणनामा लैंगिक अवधारणाको प्रयोग, लैंगिक उत्तरदायी बजेटको शुरुवात, राष्ट्रिय योजनाहरुलाई महिलामुखी बनाउने उहाँका महत्वपूर्ण कार्यहरु नेपाली महिलाहरुको सशक्तिकरण र नेपाली समाजको समग्र विकासमा अविष्मरणीय रहनेछ ।

उहाँ जागिरे हुँदा तत्कालीन 'सरकार' (राजपरिवारका सदस्यलाई सम्बोधन गरिने शब्द) को सवारी हुँदा मात्र सरसफाई गर्ने परिपाटी जोशीलाई मन पर्दैनथ्यो । त्यसैले सरकार सवारी हुँदा जे छ त्यो हेर्नुपर्छ भनी साथीहरूसँग सल्लाह गरेर तयारी गरेको स्थानभन्दा बाहेकको स्थानमा पनि उहाँहरूलाई लग्नुहुन्थ्यो । जोशी बजार केन्द्रीत, सदरमुकाममा विकासे वा अभियानका कार्यक्रम संचालन गर्ने कुरामा इन्कार गर्नुहुन्थ्यो । जहाँ आवश्यकता बढी छ त्यहाँ कार्यक्रम लैजानुपर्छ भनेर त्यहीं लागू गराउनु हुन्थ्यो । त्यो समयमा समावेशिताको अवधारणा नआए पनि जोशीले विकासलाई लक्षित वर्गमा पुऱ्याउन दिएको योगदानबाट विकास प्रति उहाँको सही दृष्टिकोण रहेको बुझ्न सकिन्छ। विकासका कुरा गर्ने तर सहजता खोज्नेहरूप्रति उहाँको असहमति छ। वर्तमान अवस्थामा पनि विकासका कुरा गर्नेहरू आफ्नो सहजताअनुसार काम गरिरहेको सन्दर्भमा उहाँको व्यवहारले धेरैलाई दुर्गम क्षेत्र र पछाडि परेको वर्गमा विकास गर्न प्रेरणा मिलेको छ ।

महिलाहरू अधिकृत हुनै हुँदैन र हुनै सक्दैनन् भन्ने तत्कालीन उच्च अधिकारीहरुको सोच हुन्थ्यो । अन्य क्षेत्रका लागि अधिकृत राखे पनि महिला विकासका लागि खरिदार वा सुब्बा राख्ने गरेको देखेर जोशीकै परिकल्पनामा महिला विकास अधिकृतको अवधारणा ल्याउनु भएको हो र यो अवधारणामा राज्यको सहमति लिन पनि सफल हुनुभयो । महिला अधिकृतहरूको तलब शुरुमा पाँच वर्ष दाताहरूको सहयोगबाट दिलाए पनि पछि सरकारले नै दिन थालेको थियो । फेरि पछि उनीहरुलाई स्थायी नगरेकाले विरोधमा एक

वर्ष त जोशी बिदामा बस्नुभयो । तत्कालीन आवश्यकताभन्दा माथि उठेर महिलाहरूको समग्र स्तरमै परिवर्तन गर्न भुल्नै नहुने योगदान उहाँको रहेको छ ।

उहाँ निस्वार्थ रुपमा विकासमा काम गर्ने महिला हुनुहुन्छ । यदि उहाँले चाहेको भए आरामले राजधानीमा बसेरै पनि उच्च ओहोदाको सुविधाहरू लिनसक्ने अवस्था थियो तर जोशीले नेपालको दुर्गम ठाउँहरूमा गएर काम गर्नुभयो । ६५ जिल्लामा हिँडेरै पुगेको सम्झिदै जोशी भन्नुहुन्छ, "हिँड्दा शारीरिक पीडा भए पनि दुर्गममा विकासको काम गरेको देख्दा खुशीले मस्त हुन्थेँ । तत्कालीन बेलाका मेरा साथीहरूले भन्थे कि केका लागि यति दुःख गर्नुहुन्छ ? म उत्तर दिन्थें, समग्र महिलाको विकासका लागि र महिला विकास कार्यक्रमको सफलताको लागि ।"

निडर स्वभावकी जोशी इमान्दारिता, स्वच्छता, मेहनत र कडा परिश्रम भएपछि सफलता मिल्छ । कोहीदेखि डराउनै नपर्ने सुझाव दिनुहुन्छ । दृढ इच्छा शक्ति भएपछि चाहेको काम पुरा गर्न सकिन्छ ।" 'लोभलालचमा नफसे समग्र देशको विकास र त्यहाँ भित्र हरेक नेपाली महिलाको विकास हुन्छ । आन्तरिक तथा व्यक्तिगत स्वार्थ राख्ने र पार्टी राजनीतिमा मात्र केन्द्रित हुने हो भने त्यसको अर्थ हुँदैन । आफ्नो बाटो आफैंले खोज्न सक्नुपर्छ, भिजन र मिसन नै स्पष्ट हुँन्थ्यो ।

ओहोदाको लोभ नगर्ने उहाँको सोच र व्यवहार त हामो लागि प्रेरणा त हो नै । जोशीको आफूसँग भएको शिक्षा र त्यसको व्यवहारिक प्रयोगले पाएको सफलता पनि प्रेरणादायी छन् । पारिवारिक सम्बन्ध सुमधुर राख्दै आफ्नो व्यक्तिगत विकासमा समुच्चता हासिल गर्ने महिलाको रुपमा उहाँ परिचित हुनुहुन्छ ।

वि.सं. २०३७ सालमा लोककल्याणकारी मोडलको विकासको समयमा पनि खास गरेर ग्रामीण महिलाहरु आत्मनिर्भर हुनुपर्छ भनेर महिलाहरुलाई ऋण प्रदान गर्ने, उत्पादन बढाउने कार्यक्रमको अगुवाइ गर्नुभयो । तत्कालीन समयमा उहाँ काखमा बच्चा राखेर यो कार्यक्रमका लागि काम गर्नुहुन्थ्यो । जोशी भन्नुहुन्छ, 'म न पैसाको लागि न त जस पाउनका लागि दौडेको थिएँ, मात्र ग्रामीण एवं

पछाडि परेका महिलाहरुमा आत्मनिर्भरता बढाउन सकिन्छ भन्ने उहाँको भित्री आशा छ । जुन अहिलेको दिगो विकास लक्ष्यको पनि मूल धारणा छ ।'

## पाल्पामा जन्मेर राष्ट्र संघसम्म

चाँदनी जोशीको 'महिलाहरूको समग्र विकास समाज विकासको लागि महत्वपूर्ण छ' भन्ने सोचबाट विशेष खालका कार्यसम्पादन देखेर महिलाका लागि संयुक्त राष्ट्रसंघीय विकास कोष (UNIFEM) ले उहाँलाई नेपाल सरकारसँग प्रस्ताव नै गरेर सन् १९९० अगष्ट (२०४७ साल) मा दक्षिण एशियाको क्षेत्रीय निर्देशक नियुक्त गरेको थियो । सो पदमा १८ वर्ष काम गर्दा विकासका एजेण्डामा महिलाहरुको अर्थपूर्ण सहभागिता, लाभमा पहुँच र नियन्त्रणका लागि नीतिगत वकालत गर्दै नीतिगत परिवर्तन गराउन सफल एक व्यक्तित्व हुनुहुन्छ, चाँदनी जोशी । त्यो पदमा रहँदा उहाँले धेरै देशका प्रमुखहरुसँग भेटेर महिलाको मुद्दामा कुरा गर्नुभएको छ, सल्लाह सुझाव दिनुभएको छ ।

नेपालकी छोरी संयुक्त राष्ट्रसंघ जस्तो सर्वमान्य ठाउँमा पुगेर महिलाहरूको घरको कामको मूल्य राष्ट्रिय गणनामा हुनुपर्छ, महिला विरुद्धको हिंसाका सवालहरु, मानव बेचबिखनका मुद्दालाई निरन्तर उठाउनुपर्छ भनेर वकालत गरिरहनु भयो । सरकारी तहमा, विकास साझेदारहरूमा र गैरसरकारी क्षेत्रका कार्यक्रममा त्यसलाई कार्यान्वयन गराउने गरी पनि उहाँले काम गर्नुभयो । त्यसको उपलब्धी स्वरुप नेपालका साथै भारत र श्रीलंकामा पनि लैङ्गिक उत्तरदायी बजेटको अवधारणानलाई संस्थागत गराउन सफल हुनुभयो ।  फलस्वरुप नेपालमा पहिलो पटक बाह्रौं योजना (२०६७-०७०) मा लैङ्गिक उत्तरदायी बजेट प्रणालीद्वारा विकासलाई लैङ्गिकीकरण गर्ने उल्लेख गरियो । लैङ्गिक उत्तरदायी बजेटलाई संस्थागत गर्न आ.व.२०६२/०६३मा अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखा प्रमुखको संयोजकत्वमा 'लैङ्गिक उत्तरदायी बजेट समिति' गठन भयो । आर्थिक वर्ष २०६४/०६५ देखि लैङ्गिक दृष्टिबाट प्रत्यक्ष उत्तरदायी, अप्रत्यक्ष उत्तरदायी र तटस्थ आधारमा बजेटलाई मूल्यांकन गर्ने परिपाटीको विकास थियो । लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन-२०६९ अर्थमन्त्रालयबाट जारी भयो । आर्थिक वर्ष २०७१/०७२ मा तत्कालीन स्थानीय निकायमा स्थानीय लैङ्गिक उत्तरदायी बजेट समिति गठन गरियो । २०७२/११/२ मा 'लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति'

जारी गरिएको थियो । त्यसै गरी नेपालमा पहिलो पटक सन् २०५८ को जनगणनामा लैङ्गिक विषयहरु समावेश गरिएका थिए । त्यसको निरन्तरता जनगणनामा भइरहेकै छ ।

नेपालको ४९ जिल्लाहरुमा ग्रामीण महिलाहरुका लागि उत्पादन ऋणको कार्यक्रमको योजना बनाउने, कार्यान्वयन र अनुगमनमा स्वयं संलग्न जोशीको उक्त कार्यक्रम हाल महिला विकास कार्यक्रम अन्तर्गत देशभरि नै कार्यान्वयनमा छ । त्यति मात्र होइन जोशीले महिला उपर हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी CEDAW को कार्यान्वयन र प्रतिवेदनमा सघन रुपमा कार्य गर्नुभएको छ । जोशीले सन् २००८ मा Protagonism Against the Trade of Human Misery V0l I and II र Accountability Mechanism in South Asia जस्ता महत्वपूर्ण प्रकाशनहरु गर्नुभएको छ । हाल उहाँ आफ्नो जीवनी लेख्दै हुनुहुन्छ । जोशीको योगदानको कदर गर्दै पछिल्लो समयमासन् २०1० मा राष्ट्रपतिद्वारा Life Time Achievement Award प्रदान गरिएको थियो । यसका अलावा गोर्खा दक्षिण बाहु, सार्क मेडल, तत्कालीन यूनिफेमबाटै Dream Team Award बाट पनि सम्मानित हुनुभएको छ ।

समग्रमा, चाँदनी जोशी एक विकासवादी, आत्मविश्वासी, निडर, स्वकार्यप्रति प्रतिबद्ध र प्रष्ट, महिलाहरुको समग्र विकासबाट समाजको समग्र विकास हुने विचार भएको राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय जगतमा परिचित सफल र प्रेरणादायी महिला हुनुहुन्छ । ●

**स्रोत :**


- श्री चाँदनी जोशीकोबारेमा खोज गरेर उहाँकै निवासमा गएर मिति २०७६ पौष १८ गते श्री योग माया सापकोटा र श्री जोशीबीचको कुराकानीमा आधारित
- https://www.youtube.com/watch?v=cmLKiO7oh3o extract in the date 14 Janaury, 2020
- https://hnsa.org.in/team-member/chandni-joshi extract in the date 20 Jan. 2020